# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३९) काठमाडौं, असोज १ गते २०४६ साल (अतिरिक्ताङ्क ३१

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट युगोस्लाभियाको राजधानी बेलग्रेडमा सम्पन्न असंलग्न राष्ट्रहरूको नवौं शिखर सम्मेलन तथा फिनल्याण्डको राजकीय भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्संदा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. बेलग्रेडमा सम्पन्न भएको असंलग्न राष्ट्रहरूको नवौं शिखर सम्मेलनमा भाग लिई मित्रराष्ट्र गणतन्त्र फिनल्याण्डको राजकीय भ्रमणका साथै बाटामा पर्ने टर्की, चेकोस्लोभाकिया र कुवेतको भ्रमण सम्पन्न गरी स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ ।

२. विश्व राजनीतिको बदलिंदो परिस्थितिमा तेस्रो विश्वका लगभग एकसयभन्दा बढी राष्ट्रहरूको सहभागिता भएको नवौं शिखर सम्मेलनमा हामीले नेपालको दृष्टिकोण प्रस्तुत गर्‍यौं । यो सम्मेलनमा हामीले फेरि एकपटक साना, भू-परिवेष्टित र अल्पविकसित मुलुकले भोग्नु परेका समस्याका साथै विश्वका सबै मुलुकहरूसँग शान्ति, मैत्री, असंलग्नता र सहयोगका आधारमा सम्बन्ध कायम गरी स्वतन्त्र भई बाँच्न खोज्ने नेपालको चाहनालाई स्पष्ट पार्ने प्रयास गर्‍यौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६६

३.  यही अवसरमा हामीले भारतका महामहिम प्रधानमन्त्री श्री राजीव गान्धीसँग पनि मैत्रीपूर्ण वातावरणमा नेपाल–भारत सम्बन्धका विविध पक्षहरूबारे छलफल गऱ्यौं। अब नेपाल–भारत सम्बन्धबारे विभिन्न तहमा वार्तालाप जारी राख्नुपर्ने भएकोले यसतर्फ हाम्रो राष्ट्रको हितमा श्री ५ को सरकारको तर्फबाट विशेष ध्यान दिनु परेको छ। सधैं झैं यो शिखर सम्मेलनले पनि कतिपय राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरूसँग भेट गरी दुई मुलुकबीचको मैत्री बढाउने मौका पनि प्रदान गऱ्यो।

४.  फिनल्याण्डको हाम्रो राजकीय भ्रमणबाट हामीलाई गणतन्त्र फिनल्याण्डका राष्ट्रपति महामहिम डा. माउनो कोइभिस्तोका साथै त्यहाँका अन्य नेताहरूसँग पनि विचारको आदान-प्रदान गर्ने अवसर प्राप्त भयो। फिनल्याण्डले आर्थिक र प्राविधिक क्षेत्रहरूमा हासिल गरेका उपलब्धिहरूबाट नेपालले पनि आफूलाई मिल्ने कुराहरू सिक्न सक्दछ। हाम्रो यस भ्रमणबाट नेपाल र फिनल्याण्डबीचका समझदारी र सहयोगका मैत्रीपूर्ण सम्बन्धहरूलाई अझ विकसित गर्ने अवसर प्राप्त भएको छ। फिनल्याण्ड र युगोस्लाभियाका साथै बाटामा परेका टर्की र चेकोस्लोभाकियामा हामीले प्राप्त गरेका हार्दिक स्वागत र आतिथ्यले ती मुलुकहरूमा नेपाल र नेपालीप्रति मित्रता र सद्भावना रहेको हामीले पायौं। आउँदा दिनहरूमा हामी यी सम्बन्धहरू अझ बढाउँदै जानेछौं। यसैगरी कुवेतमा हामीले पाएको स्वागत र त्यहाँका नरेशसँग भएको कुराकानीबाट हाम्रा दुई अधिराज्यबीचका मैत्री र सहयोगका सम्बन्धहरू अझ विकसित हुँदै जानेछन् भन्ने आशा गरेका छौं।

५.  हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सम्हाल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं। त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्र-सेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं। अन्तमा, सधैं झैं हाम्रा प्यारा देशवासीहरूले स्वदेशको वृहत्तर हितलाई हृदयङ्गम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८